# सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०८२

**प्रस्तावना :**

समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न स्थापित सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक परिचालक व्यवस्थापनको लागि वान्छनीय भएकाले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को नियम २२ को उपनियम ३ अनुसार सामुदायिक सिकाइ केन्द्रका परिचालकको छनौट एवं सिफारिस पद्धति लाई व्यवस्थित बनाई सामुदायिक सिकाइ केन्द्रको गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले बुढीगंगा नगरपालिकाकद्धारा यो कार्यविधि स्वीकृत गरी यो लागू गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"सिकाइ केन्द्र"** भन्नाले सामुदायिक सिकाइ केन्द्रलाई सम्झनुपर्दछ ।

(ख) **"विषय विशेषज्ञ"** भन्नाले बुढीगंगा नगरपालिका वा शिक्षा विकास तथा समन्वय इकाई बाजुराले करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सुचिकृत गरेका विषय विशेषज्ञहरु सम्झनुपर्दछ ।

(ग) **"नगरपालिका"** भन्नाले बुढीगंगा नगरपालिका, कुल्देवमाण्डौ, बाजुरालाई सम्झनुपर्दछ ।

(घ) **"सिकाइ केन्द्र सामुदायिक परिचालक"** भन्नाले सिकाइ केन्द्र सहयोगी, सिकाइ केन्द्र सहायक वा सामुदायिक परिचालकका सिकाइ केन्द्रमा नियमित हाजिर भई पारिश्रमिक लिई काम गर्ने जुनसुकै सामुदायिक परिचालकलाई पनि सम्झनुपर्दछ।

(ङ) **"नगर शिक्षा समिति"** भन्नाले बुढीगंगा नगरपालिकाको नगर शिक्षा समिति लाई सम्झनुपर्दछ ।

(छ) **"करार सामुदायिक परिचालक छनौट तथा सिफारिस समिति"** भन्नाले नगरपालिकाले गठन गरेको समितिलाई सम्झनुपर्छ ।

## परिच्छेदः २

### ३.परिचालकको पदपूर्ति प्रक्रिया, योग्यता र तालिमः

क. सामुदायिक सिकाइ केन्द्रमा करार सेवामा सामुदायिक परिचालक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक सिकाइ केन्द्रमा देहायबमोजिमको एक सामुदायिक परिचालक छनौट समिति रहनेछः

| | |
|---|---|
| (क) सिकाइ केन्द्र व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको एक जना सदस्य | -अध्यक्ष |
| (ख) शिक्षा शाखाको कर्मचारी | -सदस्य |
| (ग) व्यवस्थापन समितिले तोकेको सम्बन्धित विषयको विज्ञ (दुई जना) | -सदस्य |
| (घ) नगरपालिकाको शिक्षा अधिकृत | सदस्य- सचिव |

सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिले पदपूर्तिको लागि कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

**ख. शैक्षिक योग्यता र तालिम;**

अ) कम्तिमा १२ कक्षा वा सो सरहको परीक्षा उत्तीण गरेको महिला।

आ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

इ) नेपाली नागरिक

ई) अदालतबाट कसुरदार नठहरिएको।

**४. सामुदायिक परिचालक छनौट समितिको सचिवालय** : बुढीगंगा नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा सचिवालय रहनेछ।

**५. मापदण्ड पालना गर्नुपर्नेः** नगरपालिकाले सामुदायिक परिचालक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए सामुदायिक परिचालक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधि पालना गर्नुपर्नेछ ।

**६. बैठक सञ्चालन गर्ने विधिः** सामुदायिक परिचालक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रचलित कानुन विपरित नहुने गरि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-३

## विषय विशेषज्ञ सम्बन्धी व्यवस्था

**७. विषय विशेषज्ञ सम्बन्धी व्यवस्था :**

(क) यस बुढीगंगा नगरपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरुमा करार सेवामा सामुदायिक परिचालक छनौट तथा सिफारिस गर्न बुढीगंगा नगरपालिका वा शिक्षा विकास तथा समन्वय इकाई बाजुराले करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सुचिकृत गरेका विषय विशेषज्ञहरुको सहयोग लिईनेछ ।

(ख) सामुदायिक परिचालक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ ले तोकिएको ढाँचाअनुसार प्रश्नपत्र तयारी गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने र अन्तरवार्ता लिने काम सूचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ ।

## परिच्छेद ४
## परिचालक सिफारस तथा सेवा सर्त सम्बन्धी व्यवस्था

**८. सामुदायिक परिचालक सिफारस तथा सेवा सर्त सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक परिचालक करार सेवामा पदपूर्ति गर्दा सामुदायिक सिकाइ केन्द्रको करार सामुदायिक परिचालक छनौट कार्यविधिको दफा ३ बमोजिमको समितिबाट हुनेछ ।

(२) सूचीकृत विषय विशेषज्ञ सम्बन्धित सिकाइ केन्द्रको सेवा क्षेत्र भित्रको करार सामुदायिक परिचालक छनौटको लागि विषय विशेषज्ञको रूपमा मनोनीत गर्न पाईने छैन ।

(३) विज्ञापन अनुसार दरखास्त प्राप्त भएपछि छानबिन गरी रित पुगेका दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेश पत्र प्रदान गर्नुपर्नेछ, साथै स्वीकृत

नामावलीको सुची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनुपर्नेछ ।

(४) परीक्षाको प्रत्रपत्र  अनुसुची २ मा भएको पाठ्यक्रम र सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

(५) सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक सिकाइ केन्द्रका परिचालकको योग्यता सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ मा भएको व्यवस्था बमोजिम हुनुपर्नेछ ।

(६) सामुदायिक परिचालकको रुपमा छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त सामुदायिक परिचालकको पदावधि सुरुमा बढीमा एक वर्षको लागि हुनेछ । सेवाको अभिवृद्धिमा पुग्ने योगदान एवं कार्य सम्पादनको आधारमा सामुदायिक सिकाइ केन्द्रले करार थप गर्न वा नगर्न सक्नेछ, साथै यस प्रक्रियाबाट सेवामा करार गरेका सामुदायिक परिचालक कार्यरत सिकाइ केन्द्रमा सामुदायिक परिचालक सेवामा नियुक्त सामुदायिक परिचालकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसँगको करार सम्झौता जुनसुकैबेला सामुदायिक सिकाइ केन्द्रले भङ्ग गर्न सक्नेछ वा निजलाई अन्य कामकाजमा खटाउन वा अन्य सिकाइ केन्द्रमा खटाउन सकिनेछ ।

## परिच्छेद-५
## परीक्षा, अन्तरवार्ता  सम्बन्धी व्यवस्था

**९. छनौट परीक्षा, अन्तरवार्ता योग्यताक्रम र सेवा करार सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधिको दफा ३ बमोजिमको समितिले सामुदायिक परिचालक छनौट गर्दा लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्युनतम प्राप्ताङ्क भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरू मध्ये सबैभन्दा वढी अङ्क प्राप्त गर्ने उमेद्वारलाई नियुक्तिका लागि सिफारिस गर्ने र दोस्रो उच्चतम अंङ्क प्राप्त गर्ने उमेदवारलाई वैकल्पिक उम्मेदवार सहित सिकाइ केन्द्र व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) नियम १ बमोजिम छनौट तथा सिफारिस भएका उम्मेदवारलाई सिकाइ केन्द्र व्यवस्थापन समितिले निर्णय गरी अनुसुची १ बमोजिम करार सम्झौता गरी सेवामा नियुक्त गरी कामकाजमा खटाउनेछन् । नियुक्ति पत्र बुझेको मितिले बढीमा पाँच दिनभित्र सम्बन्धित सिकाइ केन्द्रमा करार नियुक्ति भएको व्यक्ति हाजिर हुनुपर्नेछ, र सिफारिस भई आएको सामुदायिक परिचालकलाई नियमित कामकाज गर्न लगाई सिकाइ केन्द्रका अध्यक्षले सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

(३) तपसिल बमोजिमको अवस्थामा सिकाइ केन्द्र व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई करारमा नियुक्ति गर्न सक्नेछ ।

क) सिफारिस गरेको उम्मेद्वारले १५ दिनको समय भित्र पनि नियुक्ति नलिएमा ।
ख) सिफारिस गरेको उम्मेद्वारको ६ महिना भित्रमा मृत्यु भएमा ।
ग) सिफारिस गरेको उम्मेद्वारको ६ महिना भित्रमा राजिनामा दिएमा ।
घ) सिफारिस गरेको उम्मेद्वारले नियुक्ति लिएको ७ दिन भित्र हाजिर नभएमा ।

## परिच्छेद-६
## सेवा, सर्त, सुविधा सम्बन्धी व्यवस्था

**१०. सामुदायिक परिचालकको सेवा, सर्त, सुविधा सम्बन्धी व्यवस्था :**

१) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकको मासिक तबल नेपाल सरकार र बुढीगंगा नगरपालिकाले तोकेबमोजिम हुनेछ । साथै एक महिना बरावरको चाडपर्व खर्च उपलब्ध गराईनेछ । नेपाल सरकार तथा नगरपालिकाले तोकेबमोजिमको रकम पोशाक खर्चका रुपमा उपलब्ध गराउन सकिनेछ ।
२) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकले वार्षिक १२ दिन क्या.वि./ पर्व विदा र १२ दिन बिरामी विदा लिन सक्नेछन् ।

**११. विविध :**

(१) थपघट, व्याख्या र हेरफेर यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा नगर शिक्षा समितिको निर्णय, सामुदायिक परिचालक सेवा सम्बन्धी र अन्य प्रचलित कानुनमा भएको व्यवस्था अनुसार हुनेछ ।

**(२) खारेजी र बचाउ :** (क) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

(ख) यस कार्यविधि जारी हुनु अगाडी करार सेवामा सामुदायिक परिचालक नियुक्तिका लागि भएका प्रक्रिया यसै बमोजिम भएको मानिनेछ

# अनुसुची १ करार सम्झौता

श्री ............................सामुदायिक सिकाइ केन्द्र, बुढीगंगा नगरपालिका वडा नं. .................., बाजुरा (यसपछि पहिलो पक्ष भनिएको ) र ....................जिल्ला................ नगरपालिका वडा नं. ............ बस्ने श्री ..................(यसपछि दोश्रो पक्ष भनिएको) का बीच श्री.................सामुदायिक सिकाइ केन्द्र नगरपालिका वडा नं .......,बाजुरा................. सामुदायिक सिकाइ केन्द्र परिचालक पदमा कामकाज गर्न गराउन मिति .............र................ निर्णय अनुसार देहायका कार्य र र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक एक प्रति आपसमा बुझि लियौ दियौं ।

१. कामकाज सम्बन्धमा दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान : ................. सामुदायिक सिकाइ केन्द्र बुढीगंगा नगरपालिका ................वडा नं. बाजुरा

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई सरकारले तोकेको पाउने सेवा सुविधा उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्वजनिक बिदा र परिच्छेद ६ मा उल्लेखित बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै सामुदायिक सिकाइ केन्द्रको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक बिदाको दिनमा सामुदायिक सिकाइ केन्द्रमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछैन ।

६. सामुदायिक सिकाइ केन्द्रको सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारवाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार ..देखि लागु भई २०... .... सम्मको लागि हुनेछ । सामुदायिक सिकाइ केन्द्रको लागि अन्य व्यवस्था नभएको खण्डमा पुनः करार नविकरण गर्न सकिनेछ ।
९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।
१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई सेवा सर्त सम्बन्धीमा भएको व्यवस्था भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा नियुक्तिका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित  कानून बमोजिम हुनेछ ।

सामुदायिक सिकाइ केन्द्रको छापः

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नामः | पद : अध्यक्ष |
| | सामुदायिक सिकाइ केन्द्रको |
| पद सामुदायिक परिचालक | नामः... |
| ठेगाना | ठेगानाः |

अनुसुचीः २

**सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालिक करार पदपुर्ति सम्बन्धी कार्यविधि, २०८१**

**बमोजिमको पाठयक्रम**

बुढीगंगा नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्रहरुमा रिक्त हुने सामुदायिक सिकाई केन्द्र परिचालक करारमा पदपुर्ति गर्न खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम ।

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ ।

**क. प्रथम चरण : लिखित परिक्षा (वस्तुगत र विषयगत) गरी ५० ५० पूर्णाङ्क र लिखित परीक्षाको उत्तीर्णाङ्क विषयगत र बस्तुगत गरी ५० हुनेछ ।**
**ख. दोस्रो चरणः- अन्तर्वार्ता २० पूर्णाङ्क र अन्तरवार्ताको उत्तीर्णाङ्क ७ हुनेछ ।**

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|---|
| पहिलो | सेवा सम्बन्धि सामान्य ज्ञान | ५० | वस्तुगत | २५*२-५० | ३० मिनेट |
| दोस्रो | सेवा सम्बन्धि विषयगत ज्ञान | ५० | विषयगत | १०*५-५० | १ घण्टा ३० मिनेट |

**(क) पहिलो पत्रः- (वस्तुगत)**

१. अनौपचारिक शिक्षा कार्यक्रम

२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८

३. सामान्य ज्ञान, समसामयिक विषयवस्तुहरु

४. सामुदायिक सिकाइ केन्द्र सम्बन्धित नविनतम अभ्यासहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरु

५. सामुदायिक सिकाइ केन्द्रको परिचय, महत्व

६. नेपाल सरकारका सामुदायिक सिकाइ केन्द्र सम्बन्धित सञ्चालित विभिन्न कार्यक्रमहरु

७. नेपालको शिक्षाको तहगत संरचना, अनौपचारिक शिक्षा सम्बन्धि व्यवस्थाहरु

८. शिक्षा सम्बन्धि विद्यमान कानुनहरु

९. लेखा परिक्षण तथा अभिलेखन प्रक्रियाहरू

१०. ( ICT) इमेल, इन्टरनेट, नेपाली र अंग्रेजी टाइप)

**(ख) दोस्रो पत्रः (विषयगत)**

१. अनौपचारिक शिक्षा, निरन्तर तथा जिवनपर्यन्त शिक्षा, महिला शिक्षा, अभिभावक शिक्षा, प्रौढ शिक्षा
२. आमा समुह, समुदायमा हुने अन्य विभिन्न बैठक, सभा सम्मेलन, आमा समुह, सहकारी बैठकहरु
३. बैठक आयोजना, निर्णय लेखन, निर्णय लेख्दा ध्यान दिनुपर्ने तथ्यहरु, बैठक सञ्चाल गर्दा ध्यान दिनुपर्ने कुराहरु
४. अनौपचारिक शिक्षा सम्बन्धि नीति नियम, कानुनि दस्तावेज, अनौपचारिक शिक्षा र औपचारिक शिक्षा बिचको फरक
५. आफ्नो सेवा क्षेत्र भित्रका शैक्षिक सास्कृतिक, प्राकृतिक, आर्थिक, वित्तिय, जनसाङ्गियिक विवरणका सुचना तथा तथ्याङ्कहरुको अभिलेखिकरण
६. अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता, सामुदायिक अभ्यास
७. सिकाई केन्द्र एक आजिवन सिकाई थलो (Life Long Learning Hub)
८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८
१३. नमुना सामुदायिक सिकाई केन्द्रको विकास, नवपर्वर्तनात्मक कार्यक्रमहरु ।
१४. परियोजना प्रस्ताव निर्माण, कार्यक्रम/योजना छनौट, स्विकृति र संचालन, सहभागितात्मक योजना तर्जुमा

१५. प्रभावकारी सञ्चार र सिप, अन्य संघ सस्थाहरु संगको सम्बन्ध
१६. सामुदायिक सिकाई केन्द्रको अभिलेख व्यवस्थापन, तथ्याङ्क प्रस्तुतिकरण, सिकाई केन्द्रको Online Reporting
१७. सामुदायिक क्रियाकलाप (सामुदायिक पुस्तकालय सञ्चालन, विद्यालय समकक्षी शिक्षा (School Equivalency Education), साक्षतरता विकास, समुह कार्य, सामुदायिक अपनत्वको विकास)

**(ग) दोस्रो चरण अन्तर्वार्ता**

| क सं | शिर्षक | अंक | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तित्व | ४ | |

| | | | |
|---|---|---|---|
| २ | विषयवस्तुको ज्ञान | ७ | |
| ३ | तार्किक क्षमता | ४ | |
| ४ | शैक्षिक योग्यता | ५ | |
| जम्मा | | २० | |
| शैक्षिक योग्यता बाफतको ५ अकं मध्ये तोकिएको न्युनतम शैक्षिक योग्यता (प्रथम श्रेणी भए (३ अंक) द्वितिय श्रेणी भए (२ अंक) माथिल्लो योग्यताको २ अंक मध्ये (प्रथम श्रेणी भए (२ अंक) द्वितिय श्रेणी भए (१ अंक) प्रदान गरिनेछ । | | | |

द्रष्टव्यः-

१. लिखित परिक्षाको माध्यम भाषा नेपाली, अङ्ग्रेजी वा दुबै हुनसक्नेछ ।

२. परिक्षामा कुनै पनि प्रकारको विद्युतिय सामग्री उपयोग गर्न पाइनेछैन ।

३. शैक्षिक अनुभवको गणना गर्दा प्रचलित कानुन बमोजिम पदमा काम गरेको जिम्मेवारी गणना गरिनेछ

४. परिचालिका छनौट सम्बन्धिको अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

५. यस पाठ्यक्रममा समाविष्ट विषयवस्तुहरु परिक्षाको मिति सम्म संसोधन भएका समसामयिक विषयवस्तु समेत परेको सम्झनुपर्छ

आज्ञाले,

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत